आज मिति २०७८।१।१६ गतेका दिन तारावोला गाँउ पालिका गाँउ कार्यपालिकाको वैठक अध्यक्ष श्री प्रकाश घर्ति मगर ज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो।

दस्तखत

उपस्थिती

१) श्री प्रकाश घर्ति मगर - अध्यक्ष
२) श्री दिलकुमारी पुन - उपाध्यक्ष
३) श्री राम प्रसाद शर्मा - सदस्य सचिव / प्र.प्र.अ.
४) श्री फूलकुमारी पुन - जि.स.स
५) श्री धन बहादुर रोल - वडा नं. १ वडा अध्यक्ष
६) श्री जयु बहादुर घर्ति " २ " "
७) श्री डिल बहादुर बस्नेत " ३ " "
८) श्री जित बहादुर खत्री " ४ " "
९) श्री राम बहादुर रोका " ५ " "
१०) श्री गौरीमाया गुरुङ कार्यपालिका सदस्य
११) श्री जग बहादुर धर्ल्याल " "
१२) श्री तेजुमाया भण्डारी " "
१३) श्री धन बहादुर वि.क " "
१४) श्री मनकुमारी रोका " "

अन्य उपस्थिती

१) श्री उदित कुमार थापा अधिकृत दैनौ
२) श्री रोशन भण्डारी IT officer.
३) श्री होमनाथ पौडेल लेखा अधिकृत
४) श्री प्रकाश गौरे प्रशासकिय अधिकृत
५) श्री विनोद लामिछाने ई-जिनियर
६) श्री जित बहादुर कुमार प्रशासन सहायक
७) श्री गिता घर्ति नर्सिङ अधिकृत
८) श्री हरि बहादुर पुन वडा सचिव
९) श्री सुसिला घर्ति " "
१०) श्री चिन्तामणी शर्मा पशु सेवा प्रमुख

निर्णय नं. १ — गाउँ शिक्षा समितिको मिति २०७८।०१।१० गतेको निर्णय अनुसार मिति २०७८।०१।१७ गते देखि सञ्चालन गर्ने भनिएको कक्षा १ देखि ९ सम्मको वार्षिक परिक्षा कार्यक्रम नेपाल सरकारको परीक्षा स्थगित गर्ने सम्बन्धी निर्णय र गाउँपालिकामा अन्य संक्रमित स्थानहरुबाट मानिसहरुको आवागमन बढ्दै गएको कारण कोभिड-१९ को जोखिम बढ्दै जान सक्ने देखिएकोले अर्को सूचना प्रकाशित नभएसम्म सार्वजानिक गरिएको परीक्षा कार्यक्रम र सञ्चालनमा रहेको पठन पाठन गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा स्थगित गर्ने ।

निर्णय नं. २ — तपशिल वमोजिमका स्वास्थ्य संस्थाहरुमा तपशिल वमोजिमको दरबन्दीहरुमा प्राविधिक कर्मचारीहरु रित्त भई स्वास्थ्य सेवा प्रवाह गर्न समस्या भएकोले "ताराखोला गाउँपालिकाको प्राविधिक तथा कार्यालय सहयोगी पदमा करारमा कर्मचारी नियुक्ति गर्ने सम्बन्धी कार्यविधि -२०७६" वमोजिम कर्मचारी नियुक्ति गर्न विज्ञापन प्रकाशित गर्ने ।

तपशिल :

| क्र.सं. | पद | तह | संख्या | संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | अ.हे.ब. | चौथो | १ | अमरभूमि स्वास्थ्य चौकी | |
| २. | अ.न.मी. | चौथो | १ | अमरभूमि सामुदायिक स्वास्थ्य इकाई | |
| ३. | स्टाफ नर्स | पाँचौ | १ | ताराखोला अस्पताल | |

निर्णय नं. ३ — तपशिल वमोजिमका विधि/कार्यविधिहरु स्वीकृत गर्ने ।

तपशिल :

१. ताराखोला गाउँपालिकाको आपतकालिन कार्य सञ्चालन केन्द्र सञ्चालन विधि २०७८ ।

२. टोल विकास संस्था गठन तथा सञ्चालन कार्यविधि -२०७८ ।

निर्णय नं. ४ — स्वास्थ्य संस्थाहरुमा करारमा कार्यरत कर्मचारीहरुलाई पोसाक भत्ता र नियमानुसार चाडपर्व खर्च उपलब्ध गराउने ।

निर्णय नं. ५ — कोभिड-१९ को महामारी बढ्दै गएको र भविष्यमा बिरामीलाई अक्सिजन लगायतका उपचारात्मक सामग्रीहरुको अभाव हुन जाने सम्भावना रहेको तर गाउँपालिकाको समानीकरण अनुदान, आन्तरिक आय र विपद् व्यवस्थापन कोष लगायतमा रकम अभाव भएकोले तपशिल वमोजिमका स्वास्थ्य सामग्रीहरु सशर्त अनुदान अन्तर्गत प्रशासनीक खर्चबाट खरिद गर्ने ।

प्रकाश घर्ती मगर
अध्यक्ष

Scanned with CamScanner

तपशिल :

क. अक्सिजन कन्सन्ट्रेटर मेशिन – ५ थान

ख. अक्सिजन सिलिन्डर – ८ थान

ग. अक्सिजन फलोमिटर – ८ थान

घ. इलेक्ट्रिक सक्सन मेशिन – ४ थान

**निर्णय नं. ६** – गाउँपालिका क्षेत्रमा कोभिड- १९ व्यवस्थापन तथा नियन्त्रण गर्न देहाय वमोजिमको द्रुत प्रतिकार्य टोली (Rapid Response Team) गठन गर्ने ।

क. प्रमुख प्रशासकीय अधिकृत – अध्यक्ष

ख. प्रकाश पौडेल (हिल स्वास्थ्य चौकी प्रमुख) – सदस्य

ग. पुष्पा घर्ति (अमरभूमि स्वास्थ्य चौकी प्रमुख) – सदस्य

घ. चिन्तामणी शर्मा (पशु शाखा प्रमुख) – सदस्य

ङ. लक्ष्मण न्यौपाने (इलाका प्रहरी कार्यालय प्रमुख) – सदस्य

च. निता घर्ति (नर्स) – सदस्य

छ. उदित थापा (स्वास्थ्य संयोजक) – सदस्य सचिव

**निर्णय नं. ७** – ताराखोला गाउपालिकाको वडा नं. २ स्थित डोल्डी र अर्गलमा ढुङ्गा प्रशोधन उद्योग सञ्चालन गर्न तयार गरी पेश गरिएको प्रारम्भिक वातवारणीय अध्ययनको प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको लागि प्रतिवेदकलाई जानकारी गराउने ।

**निर्णय नं. ८** – नेपाल मा.वि. मा प्राविधिक धार तर्फ कक्षा ११ थप गर्न अनुमतिको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

**निर्णय नं. ९** – गाउँपालिका क्षेत्रमा कोभिड-१९ को संक्रमण बढ्दै गएको देखिएकोले देहाय वमोजिम गर्न सम्पूर्ण गाउँपालिका बाँसीलाई अनुरोध गर्ने ।

क. विदेशबाट आउने व्यक्तिहरुले अनिवार्य रुपमा होम क्वारेन्टिनमा बस्ने ।

ख. कोभिड -१९ का लक्षण देखा परेमा सम्बन्धित वडा अध्यक्ष वा स्वास्थ्य शाखामा सम्पर्क गर्ने ।

ग. मेला- महोत्वस र सामुहिक भोजका कार्यक्रमहरु सञ्चालन नगर्ने ।

घ. सामाजिक दुरी कायम गर्ने ।

ङ. सवारी चालकले यात्रुहरुलाई मास्क लगाएर मात्र यात्रा गराउने । मास्क नहुने यात्रुलाई रु. १० मा मास्क बेचि प्रयोग गर्न लगाउने ।

प्रकाश घर्ती मगर
अध्यक्ष

Scanned with CamScanner

तारास्खोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्गल, बागलुङ गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. १०** — कोभिड- १९ नियन्त्रण, व्यवस्थापन र उपचारमा खटिने देहाय वमोजिमका कर्मचारीहरुलाई स्वास्थ्य तर्फको सशर्त अनुदानको प्रशासनीक खर्च शीर्षकबाट "कोभिड-१९ को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन सम्बन्धी आदेश-२०७७" मा तोकिए वमोजिम देहाय वमोजिमका कर्मचारीहरुलाई जोखिम भत्ता उपलब्ध गराउने ।

क. कोभिड-१९ अस्पतालमा खटिने कर्मचारी

ख. एम्बुलेन्स चालक

ग. स्वाव संकलन गर्ने कर्मचारी

**निर्णय नं. ११** — गाउँपालिकाको प्रशासनीक भवन निर्माणको कार्य अगाडि बढी रहेको र चालु आ.ब. मा करिब रु. ३ करोडको कार्य सम्पन्न हुने देखिएकोले चालु आ.ब. मा रु. १ करोड थप भुक्तानी गर्न रकम अभाव हुने भएको कारण गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला मन्त्रालयलाई रु. १ करोड माग गरी पठाउने ।

**निर्णय नं. १२** — तपशिल वमोजिमका व्यक्तिहरुलाई तपशिल वमोजिमका शीर्षकहरुबाट तपशिल वमोजिमको राहत रकम भुक्तानी दिने ।

तपशिल :

| क्र.सं. | व्यक्तिको नाम | ठेगाना | राहतको कारण | राहत रकम | भुक्तानी दिने शीर्षक |
|---|---|---|---|---|---|
| १. | शान्ती शर्मा | वडा नं. २ शिले | चटयाङ्गमा परी श्रीमानको मृत्यु | २५०००।- | विपद् व्यवस्थापन कोष |
| २. | दुर्गा बहादुर वि.क. | वडा नं. १ | आर्थिक अवस्था कमजोर, मुटुको उपचार खर्च | १५०००।- | उपचार खर्च |
| ३. | तुल प्रसाद घर्ति | वडा नं. ५ | घर र शौचालय भत्केको | १५०००।- | विपद् व्यवस्थापन कोष |
| ४. | गौमती रोका | वडा नं. ५ | भैसी बगाएको | १००००।- | विपद् व्यवस्थापन कोष |
| ५. | सर बहादुर घर्ति | वडा नं. ५ | घर बगाएको | १००००।- | विपद् व्यवस्थापन कोष |
| ६ | चन्द्रकली दर्जी | वडा नं. ३ | घरमा पहिरो आएको | १००००। | विपद् व्यवस्थापन कोष |

प्रकाश घर्ति मगर
अध्यक्ष

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | खडक बहादुर दर्जी | वडा नं. ३ | घरमा पहिरो आएको | १००००। | विपद् व्यवस्थापन कोष |

निर्णय नं. १३ — वैकल्पिक उर्जा कार्यक्रम अन्तर्गत प्राप्त सशर्त अनुदानबाट सौर्य सडक बत्ती जडा सम्बन्धी कार्यक्रममा ब्राइट भिजन काठमाडौले सामग्री आपूर्ति र जडानको ठेक्का सम्झौता गरी कार्य सम्पन्न भएको भनि रकम माग गरेकोमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्पेसिफिकेसन वमोजिमको पोल आपूर्ति नभएकोले पोल वापतको रकम कट्टी गरी अन्य सामग्रीहरुको रकम भुक्तानी दिने ।

निर्णय नं. १४ — देहाय वमोजिमका आयोजनाहरु कार्यन्वयन नभएका तथा कार्यन्वयन भएका आयोजनाहरुको ठेक्का व्यवस्थापनबाट रकम बचत हुन आएकोले बचत हुन आएको रकमबाट देहाय वमोजिमका नयाँ कार्यक्रममा भएको खर्च तथा नयाँ कार्यक्रम सञ्चालन गर्ने ।

तपशिल :

| | रकम बचत भएका र कार्यन्वयन नभएका आयोजनाको नाम | रकम | नयाँ आयोजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | माछाका भुरा उत्पादन | ५००००० | मोटर बाटोमा पहिरो पन्छ्याउने कार्य | २०००००० | |
| २ | घुस्मेली देखि सभाहल र भाटखाने डाँडा देखि १ नं. वडा कार्यालय जोड्ने मोटर बाटो स्तरोन्नती सम्बन्धी आयोजनाबाट बचत भएको रकम | २०००००० | संग्राहलयको तथा विपद् व्यवस्थापनको लागि ग्याविन जाली खरिद | ८००००० | |
| | | | सीपमा मोटर बाटो निर्माण | ६००००० | |
| | | | विपद् व्यवस्थापन कोष | ७००००० | |
| ३ | कोट छमरी मोटरबाटो निर्माण | ३००००० | | | |
| ४ | लिमे पाराकोटे भैसी संरक्षण कार्यक्रम | ५००००० | सभाहलमा चित्र कोरेको भुक्तानी | १००००० | |
| ५ | कर्मचारी कल्याण कोष | १०००००० | दोगाडीघाट पुल निर्माण | १००००० | |
| | जम्मा | ४३००००० | जम्मा | ४३००००० | |

प्रकाश घर्ती मगर
अध्यक्ष

Scanned with CamScanner

निर्णय नं. १५ — महिला बालबालिका तथा जेष्ठ नागरिक अन्तर्गत सशर्त अनुदानमा प्राप्त उपशिर्षक नं. २.७.२५.५७ बाट रु. १ लाख र स्वास्थ्य तर्फको सशर्त अनुदानको प्रशासनीक खर्च शीर्षकबाट रु. १३४८३५ रकम महिला दिवस कार्यक्रम र सोही दिन महिलाहरुको पाठेघर परिक्षण सम्बन्धी शिविरमा भएको खर्च भुक्तानी दिने ।

निर्णय नं. १६ — कोभिड -१९ को कारण गाउँपालिकामा कार्यरत केही कर्मचारीहरुमा संक्रमण देखिएकोले मिति २०७८।०१।१७ गते १ हप्ताको लागि अत्यावश्यक सेवा बाहेक गाउँपालिकाका दैनिक कार्यहरु स्थगित गर्ने ।साथै गाउँपालिकामा सञ्चालित व्यक्तिगत घटना दर्ता सम्बन्धी शिविर अर्को सूचना प्रकाशित नभएसम्मको लागि स्थगित गर्ने ।

निर्णय नं. १७ - मिति २०७८ बैशाख ५ मा भएको कार्यपालिकाका निर्णय र कार्यन्वयनको समिक्षा गरियो ।

निर्णय नं. १८ — स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (Local Government Institutional Capacity Self-Assessment –LISA) मा गाउँपालिकाका विभिन्न सूचकमा तपसिल बमोजिम प्राप्त नतिजा सार्वजनिक गर्ने ।

तपसिल

| क सं. | सूचक | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|
| १ | शासकिय प्रबन्ध | ७२.२२% | |
| २ | संगठन तथा प्रशासन | ७५ % | |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ८६.३६ % | |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ८६.३६ % | |
| ५ | सेवा प्रवाह | ५४.६९% | |
| ६ | न्यायीक कार्यसम्पादन | ८५.७१% | |
| ७ | भौतिक पूर्वाधार | ३४.६२% | |
| ८ | सामाजिक समावेशीकरण | ४० % | |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ४४.४४% | |
| १० | सहकार्य र समन्वय | ५० % | |
| | जम्मा | ६१.७५ % | |

निर्णय नं. १९- गाउँपालिकाको "भातखानेडाँडा देखि १ नं. वडा कार्यालय जोड्ने मोटरबाटो स्तरोन्नती" सम्बन्धी आयोजनामा ठेक्का व्यवस्थापनबाट बचत हुन आएको संघीय सरकारको

प्रकाश घर्ती मगर
अध्यक्ष

Scanned with CamScanner

समपुरक अनुदानको रकम सोहि आयोजनाको थप कामको लागि खर्च गर्न अनुमति माग गरी पठाईएकोमा सोको जवाफ प्राप्त हुन नआएको र सो आयोजना गाउँपालिकाको केन्द्र जोड्ने महत्वपुर्ण सडक आयोजना भएकोले आगामी आर्थिक वर्षमा गाउँपालिकाले कम्तिमा ४०% रकम व्यहोर्ने गरी संघीय सरकारको रु २८१४०६९।५६ रकम समेत उपयोग गरी सो आयोजनाको थप कामको ठेक्का प्रक्रिया अगाडी बढाउने ।

प्रकाश घर्ती मगर
अध्यक्ष

Scanned with CamScanner